8th NRN Global Conference & NRNA International General Assembly

TRANSFORMING NRNA

OUR WOMEN. OUR YOUTH & OUR SECOND GENERATION FOR A STRONGER FUTURE

FOR NEPALI BY NEPALI

14th - 17th October 2017
Kathmandu, Nepal

October 18, 2017 Newsletter

## १४ बुँदे घोषणापत्र जारी गर्दै एनआरएनए सम्मेलन सम्पन्न

# व्यक्तिगत र सामूहिक लगानी बढाउन अपिल

१४ बुँदे घोषणापत्र जारी गर्दै गैरआवासीय नेपाली संघ (एनआरएनए) को आठौं विश्व सम्मेलन मंगलबार सकिएको छ। व्यक्तिगत तथा सामूहिक लगानी बढाउने, संविधानमा व्यवस्था भएअनुसारको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था कार्यान्वयनका लागि पहल गर्ने, रोजगारीको क्षेत्रमा काम गर्ने लगायतका विषयमा प्रतिबद्धतासहित सम्मेलन सम्पन्न भएको हो।

स्थानीय तहको निर्वाचन सम्पन्न र संघीय तथा प्रदेशको निर्वाचनको अन्तिम तयारीले मुलुक राजनीतिक स्थायित्वमा गएको भन्दै एनआरएनएले आफ्ना सदस्यहरूलाई नेपालमा व्यक्तिगत तथा सामूहिक लगानी बढाउन आह्वान पनि गरेको छ। ‘यो सम्मेलन स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको र संघीय तथा प्रादेशिक व्यवस्थापिकाका लागि निर्वाचन हुन गइरहेकोमा खुसी व्यक्त गर्छ,’ घोषणापत्र जारी गर्दै एनआरएनएकी प्रवक्ता रन्जु थापा वाग्लेले भन्नुभयो। मुलुक राजनीतिक स्थायित्व प्राप्त गर्दै आर्थिक विकासको दिशातर्फ उन्मुख भएकाले नेपालको जलविद्युत्, पर्यटन, बैंकिङ, स्वास्थ्य, शिक्षा, आधुनिक कृषि प्रणाली र सञ्चारलगायतका क्षेत्रहरूमा लगानी गर्न संघले हार्दिक आग्रह गरेको हो।

एक राष्ट्रिय समन्वय परिषद् (एनसीसी) एक लगानी, एक रोजगारीको अवधारणाको व्यावहारिक कार्यान्वयनका लागि राष्ट्रिय परिषद् समितिहरूलाई घोषणापत्रले आह्वानसमेत गरेको छ। ‘त्यस्तै सन् २०३० सम्म निर्धारित दिगो विकासको लक्ष्य एवं सन् २०२२ भित्र नेपाललाई अल्पविकसित मुलुकको दर्जाबाट स्तरोन्नति गर्ने र मध्यम आय भएको राष्ट्र बनाउने तीन महत्वकांक्षी विकास लक्ष्यहरूसँग सम्बन्धित रणनीतिहरूमा गैरआवासीय नेपालीको महत्वपूर्ण भूमिका र योगदान हुने विषयमा मतैक्यता भयो,’ घोषणापत्रमा भनिएको छ, ‘नेपालको संविधानमा उल्लिखित गैरआवासीय नेपालीहरूलाई नागरिकता प्रदान गर्ने व्यवस्था शीघ्र कार्यान्वयनका लागि संविधानको मर्मअनुसार ऐन निर्माणमा तदारुकताका साथ लागि पर्न नेपाल सरकारलाई यो सम्मेलन अनुरोध गर्छ।’

वैदेशिक रोजगारीका विषयलाई पनि घोषणापत्रले समेटेको छ। ‘वैदेशिक रोजगारीका सिलसिलामा गएका महिलाबाट जन्मिएका र विदेशमा अलपत्र परेका बालबालिकाको नागरिकतासम्बन्धी हकको सुरक्षाप्रति संवेदनशील भई संस्थाले पहल गर्नेछ,’ घोषणापत्रमा भनिएको छ, ‘नेपालीहरू अत्यधिक रहेका मुलुकहरूमा नेपाल सरकारको प्रतिनिधित्व निरन्तर रहने गरी नेपाली राजदूतावास वा महावाणिज्यदूतावासको स्थापना गर्न र भएका नियोगहरूलाई मानवीय तथा प्राविधिक रूपमा सम्पन्न बनाउन सरकारलाई यो सम्मेलन अनुरोध गर्छ।’ नेपाली नियोगहरू स्थापना नभएसम्म स्थानीय गैरआवासीय नेपाली संघले नेपालीहरूलाई पुऱ्याई आएको सहयोगको निरन्तरताको प्रतिबद्धता पनि घोषणापत्रले जनाएको छ।




एनआरएनहरूले नेपालमा भोल्नुपरेका समस्या तथा चासोहरूको सुनुवाइ र सम्बोधन एकद्वार प्रणालीअन्तर्गत हुने गरी परराष्ट्र मन्त्रालयको एनआरएन महाशाखालाई थप प्रभावकारी बनाउन घोषणापत्रले माग गरेको छ। ‘गैरआवासीय नेपालीहरूको परिभाषाभित्र एक आर्थिक वर्षमा १ सय ८३ भन्दा बढी दिन सार्क मुलुक बाहिर बसोबास गर्ने, नेपाल सरकारका सेवामा रहेका बाहेक विद्यार्थीलगायत सबै नेपाली नागरिक पर्ने गरी ऐनमा नै संशोधन गर्नुपर्ने निष्कर्षका साथ त्यसतर्फ संघ प्रयत्नरत रहनेछ,’ घोषणापत्रमा भनिएको छ। नेपाल र वैदेशिक रोजगारीमा हुने महिला तथा बालबालिकाको हिंसा अन्त्यका लागि काम गर्ने घोषणा पनि घोषणापत्रले गरेको छ। ‘नेपाली समाजमा हुने घरेलु हिंसाका घटनाहरूलाई कम गर्न, घटनाबाट प्रभावितलाई न्याय प्रदान तथा सुरक्षा प्रदान गर्न आवश्यक कानुन, नीति तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयनका निम्ति सरकारसँग समन्वय गर्न पहल गरिनेछ,’ घोषणापत्रमा भनिएको छ, ‘घरेलु हिंसालाई रोकथाम गर्नका लागि ‘से-नो’ (नाईं) को नारालाई अभियानकै रूपमा विश्वव्यापी बनाउन लागिनेछ।’

> **एनआरएनहरूले नेपालमा भोल्नुपरेका समस्या तथा चासोहरूको सुनुवाइ र सम्बोधन एकद्वार प्रणालीअन्तर्गत हुने गरी परराष्ट्र मन्त्रालयको एनआरएन महाशाखालाई थप प्रभावकारी बनाउन घोषणापत्रले माग गरेको छ ।**

साथै, विज्ञान तथा प्रविधिमा संलग्न गैरआवासीय नेपालीको तथ्यांक तयार गर्ने र संलग्न शैक्षिक संस्था एवं अनुसन्धान केन्द्र र नेपालका शैक्षिक संस्था र अनुसन्धान केन्द्रबीच अनुसन्धानका क्षेत्रमा मिलेर काम गर्न समन्वयको वातावरणका बनाउने पनि घोषणापत्रमा उल्लेख छ। ‘प्राज्ञिक आदानप्रदान तथा नेपाल र नेपालीको प्राथमिकताका आधारमा संयुक्त अनुसन्धानसम्बन्धी क्रियाकलापका लागि अनुकूल वातावरण तयार पार्न सम्मेलन प्रतिबद्धता व्यक्त गर्छ,’ घोषणापत्रमा भनिएको छ, ‘यसका निम्ति संघले एक स्थायी निकाय स्थापना गर्न पहल गर्नेछ।’

एनआरएनए स्थापनाको १४ वर्ष पूरा भएको सन्दर्भमा संस्थागत सुधार तथा परिमार्जनको आवश्यकतालाई मध्यनजर गर्दै ‘प्रस्तुत भिजन ट्वान्टी-ट्वान्टी एन्ड बियोन्ड महाधिवेशनले पारित गरेको छ। ‘यसका विभिन्न पक्षहरूको संस्थागत संरचनाका साथ सम्पूर्ण योजनाहरू प्रस्तुत गरिएअनुसार २०१७-२०१९ को कार्यकारिणीले कार्यान्वयनमा ल्याउनेछ,’ घोषणापत्रमा भनिएको छ, ‘यसैको अवधारणाअनुरूप नेपालमा सामाजिक विकास तथा कल्याणकारी गतिविधि सञ्चालन गर्न एनआरएनए फाउन्डेसन स्थापना गर्ने र विदेशमा नेपालीले हासिल गरेको अध्ययन, अनुभव र विशेषज्ञतामार्फत् नेपालको हितमा योगदान गर्ने प्रयोजनका लागि पोलिसी इन्स्टिच्युट स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्छ।’

### लगानी बढाउन प्रधानमन्त्रीको आह्वान

एनआरएनएको समापन समारोहमा बोल्ने नेपाल सरकारका तथा एनआरएनएकै अधिकारीहले नेपालमा लगानी बढाउन आह्वान गर्नुभएको छ। समापन समारोहमा बोल्दै प्रधानमन्त्री शेरबहादुर देउवाले एनआरएनएहरूलाई नेपालको दूत भन्दै मुलुकमा लगानी बढाउन अनुरोध गर्नुभयो। प्रधानमन्त्रीले लगानीमैत्री वातावरण सिर्जना भएको भन्दै लगानी बढाउन आह्वान गर्नुभएको हो। नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकालले पनि नेपालमा लगानीको आवश्यकता रहेकाले लगानीलाई नै प्राथमिकता दिन आह्वान गर्नुभयो।

सघंका निवर्तमान अध्यक्ष शेष घलेले प्रजातान्त्रिक प्रक्रियाअनुसार निर्वाचनबाट नयाँ कार्यसमिति चयन भएको अब एक ढिक्का भएर अघि बढ्न एनआरएनएहरूलाई अनुरोध गर्नुभयो। उहाँले संस्थागत हितलाई ध्यानमा राखेर नयाँ नेतृत्वलाई काम गर्न आह्वान गर्नुभयो। एनआरएनएका पूर्वअध्यक्ष उपेन्द्र महतोले एनआरएनए एउटा अभियान भएको र मुलुकको आर्थिक सम्बृद्धिमा गैरआवासीय नेपालीहरूको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। पूर्वअध्यक्ष जीवा लामिछानेले नेपालका लागि एनआरएनएहरूले सार्थक पहल गरिरहेको बताउनुभयो। ‘दसैंको बेला गफ गर्न एनआरएनहरू नेपालमा भेला हुने गरेको आरोप लाग्ने गरेको छ,’ उहाँले भन्नुभयो, ‘तर, हामीले ल्याउने योजनाहरूले मातृभूमि केन्द्रित छन्। यसले नेपालका लागि केही सार्थक पहल गरिरहेको छ भन्ने लाग्छ।’ पूर्वअध्यक्ष देवमान हिराचनले एनआरएनए स्थापना र त्यतिवेलाको भोगाइका बारेमा चर्चा गर्नुभएको थियो। समापन समारोह लगत्तै नवनिर्वाचित पदाधिकारीको सपथग्रहण सम्पन्न भएको छ। शपथ ग्रहणपछि बोल्दै नवनिर्वाचित अध्यक्ष भवन भट्टले एनआरएनएका सबै ऐजेन्डाहरूलाई अघि बढाउने प्रतिबद्धता र संस्थाभित्र एकताबद्ध भई काम गर्ने बताउनुभयो।

# समृद्धिका लागि दरिलो सहकार्यमा जोड

काठमाडौं। विश्वभरि छरिएका प्रवासी नेपालीबाट ज्ञान, सीप, पुँजी भित्र्याएर देशले लाभ लिन सक्ने भएकाले गैरआवासीय नेपाली संघसँग विकासमा साझेदारी र सहकार्य गर्न सरकार सदैव तयार रहेको सरकारी अधिकारीहरूले बताएका छन्। नेपालको अर्थ-सामाजिक विकासमा गैरआवासीय नेपालीले महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले सरकार र संघबीचको सहकार्यमा अधिकारीहरूले जोड दिएका हुन्। संघको विश्व सम्मेलनअन्तर्गत आयोजित छलफल कार्यक्रममा बोल्दै परराष्ट्र सचिव शंकरदास बैरागीले भन्नुभयो, “अन्य देशको विकासमा डायस्पोराको योगदानको उदाहरण हेर्दै नेपालले पनि लाभ लिनका लागि प्रवासी नेपालीसँग बलियो सहकार्य गर्न जरुरी छ।”

विश्वभरि नेपालको प्रतिष्ठा बढाउन र लगानी प्रवर्द्धनका लागि प्रवासी नेपालीले दूतका रूपमा काम गरेको एनआरएनएले संस्थागत रूपमा त्यसको नेतृत्व गरेको सचिव बैरागीले बताउनुभयो। विश्वका जुनसुकै देश र अवस्थामा रहेका नेपालीको संरक्षण गर्न सरकार प्रयत्नशील रहेको भन्दै सचिव बैरागीले नेपालीको सहयोग र संरक्षणका लागि आपसी सहकार्यमा जोड दिनुभयो। आवासीय र गैरआवासीयबीचका सेवा र सुविधा, हक र अधिकारका लागि हुँदै आएको बहसलाई मोडेर सीप, प्रविधिको स्थानान्तरण, लगानी, व्यवसायको प्रबर्द्धनका विषयमा छलफलको आवश्यकता रहेको उहाँको तर्क छ।

अन्तर्क्रिया कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले प्रवासी नेपालीहरूको चाहना सबल र समृद्ध नेपाल भएकाले त्यसलाई पूरा गर्न सरकार, नागरिक तथा संघसंस्थाबीच बलियो एकता एवं सहकार्य हुनुपर्नेमा जोड दिए। एनआरएनए र नेपाल सरकारबीच एकआपसमा केकस्ता अपेक्षा छन् भन्ने विषयमा गरिएको अन्तर्क्रियामा गैरआवासीय नेपालीहरूले नीतिगत र कानुन भन्भट तथा अप्ठ्याराहरूको विषयमा सरकारी अधिकारीहरूलाई अवगत गराएका थिए। विदेशमा नेपालीहरूले लिएको आवासीय कार्ड र नागरिकताबीचमा नेपाल सरकारले समान धारणा बनाएको, विदेशस्थित नियोगबाट सेवा पाउन अप्ठेरो रहेको जस्ता गुनासाहरू प्रवासी नेपालीले राखेका थिए।

नेपालको संविधानले नै गैरआवासीय नागरिकताको प्रत्याभूति गरेको र त्यसका लागि कानुन निर्माण अन्तिम चरणमा रहेकाले प्रवासी नेपालीलाई सम्मान र सहयोग गर्न सरकार प्रतिबद्ध रहेको देखाउने परराष्ट्र मन्त्रालयका सहसचिव मनिराज ढकालले बताउनुभयो। ‘सीमित स्रोत साधनबाट प्रवासी नेपालीलाई दिनसकिने जति सेवा-सुविधा र संरक्षणमा सरकारले कुनै कसर बाँकी राखेको छैन,’ ढकालले भन्नुभयो, ‘आगामी दिनमा सरकारले यसलाई अझै व्यवस्थित गर्दै जाने योजना छ।’

कार्यक्रममा निवर्तमान शेष घलेले गैरआवासीय नेपालीहरूले संस्थागत रूपमा उठाउँदै आएका केही मुद्दाहरू स्थापित भएको र केही स्थापित हुने क्रममा रहेकाले नेपाल सरकारसँग मात्रै धेरै गुनासो गर्न नहुने विचार राख्नुभयो। ‘हामीले नेपाल सरकारसँग गुनासो गर्न मात्रै भन्दा पनि आफैंलाई समीक्षा *(...क्रमशः पेज ४ मा)*

# महिलालाई आर्थिक अवसरको खाँचो



काठमाडौं। नेपाली महिलामाथि हुने विभेद नहटेको तथा समान आर्थिक अवसर उपलब्ध नभएकोमा सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्। राजधानीमा जारी गैरआवासीय नेपाली सम्मेलनअन्तर्गत 'कामकाजी महिला, नेपाल र विदेश' शीर्षकको छलफल कार्यक्रममा बोल्दै सरोकारवालाहरूले महिलामाथिको विभेद नहटाएसम्म समावेशी र सन्तुलित विकास नहुनेमा जोड दिए। आर्थिक विकासमा महिलाको भूमिका उल्लेखनीय हुने भए पनि नेपाली महिलालाई उत्पादन र व्यवसायतर्फ उत्साहित र अभिप्रेरित गर्न नसकिएको यस क्षेत्रका जानकारहरूको भनाइ छ।

कार्यक्रममा बोल्दै नेकपा माओवादी केन्द्रकी पोलिटब्युरो सदस्य रेणु चन्दले महिलाहरूको बहुआयामिक विकास नभएसम्म देशले समावेशी विकासको बाटो समात्न नसक्ने बताउनुभयो। उहाँले अन्य क्षेत्रमा जस्तै राजनीतिमा पनि महिलामाथिको विभेद कायम रहेको बताउनुभयो। 'कानुनले महिलाको अधिकार र पहुँचलाई हरेक क्षेत्रमा स्थापित गरे पनि प्रभावकारी कार्यान्वयन नहुँदा विभेद रोकिएको छैन,' चन्दले भन्नुभयो। निरन्तरको संघर्षबाट महिला अधिकारको कानुनी प्रत्याभूतिका कारण पछिल्लो समय नीति निर्माण तहमा महिला पुग्नु ऐतिहासिक उपलब्धि रहेको उहाँले बताउनुभयो। पुरुषका तुलनामा महिलालाई राजनीतिमा स्थापित हुन अर्थ-सामाजिक कारणले निकै कठिन पर्ने उहाँको अनुभव छ। 'महिलाले निकै संघर्ष गरेर मात्रै राजनीतिमा स्थापित हुन सकेका हुन्,' चन्दले भन्नुभयो, 'नीति निर्माण तहमा महिला नपुगी समावेशी शासन प्रणाली स्थापित हुँदैन।'

स्वभावैले महिलाहरू इमान्दार तथा कामप्रति प्रतिबद्ध हुने भएकाले महिलाले लिएका जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने गरेको चन्दको भनाइ छ। उहाँले नेपाली महिलालाई सबल बनाएर अर्थ-सामाजिक विकासको हिस्साका रूपमा प्रोत्साहन गर्न गैरआवासीय नेपाली संघलाई आग्रह गर्नुभयो। कार्यक्रममा एनआरएन महिला फोरमकी संरक्षक डा. इन्द्रा बनले संसारका अन्य देशको तुलनामा नेपालको नीति निर्माण तहमा महिलाको सहभागिता उल्लेखनीय हुनु उत्साहप्रद रहेको बताउनुभयो।। संविधानमा मात्रै महिलाको अधिकार सुनिश्चित गरेर नहुने भन्दै कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक रहेको डा. बनको भनाइ थियो।

कार्यक्रममा परराष्ट्र मन्त्रालयकी शाखा अधिकृत इन्दिरा अर्यालले विकसित मुलुकहरूमा समेत महिलामाथि हुने विभेद कायम रहेको बताउनुभयो। महिलाका हक अधिकारका लागि थुप्रै कानुन बने पनि विभेद कायम रहनु दुर्भाग्यपूर्ण रहेको अर्यालको भनाइ थियो। परम्परागत कृषिमा निर्भर हुने महिलाको आर्थिक विकल्पको अवसर कम हुने भएकाले बढी विभेद रहेको उहाँको तर्क थियो। अन्य क्षेत्रमा अवसर तथा पहुँचको विकास भए महिलाहरूको आर्थिक क्षमता बढ्ने र विभेद कम हुने अर्यालले बताउनुभयो। एनआरएन महिला फोरमले सञ्चालन गरेको कार्यक्रममा एनआरएनएका निवर्तमान अध्यक्ष डा. शेष घले, नवनिर्वाचित महिला उपाध्यक्ष सपिला राजभण्डारी लगायतको उपस्थिति थियो।

सन् २००३ मा स्थापित फोरमको विश्वका ६५ वटा देशहरूमा सञ्जाल छ। फोरमले नेपालमा आपत-विपतमा परेका महिलाहरूलाई सहयोग, विदेशका श्रमिक नेपाली महिलालाई सहयोग, बाढीपिडितलाई राहत, महिलाका लागि स्वास्थ्य र सरसफाइका कार्यक्रम, महिलालाई केन्द्रित विभिन्न परियोजना सञ्चालनलगायतका कार्यक्रम गर्दै आएको छ।

# युवाको ज्ञान र सीपलाई उपयोग गर्न पहल गर्नुपर्ने



काठमाडौं। युवाले विदेशमा सिकेको सीप र प्रविधिलाई स्वदेशमा उपयोगको वातावरण बनाउनुपर्ने सरोकारवालाले आवश्यकता औंल्याउनुभएको छ। अध्ययन, रोजगारीसहित विदेशमा विभिन्न पेसा व्यवसाय गरेका युवाको क्षमतालाई मुलुकको विकासमा लगाउनुपर्नेमा उहाँहरूको जोड थियो। गैर आवासीय नेपाली संघ (एनआरएनए) को आठौं विश्व सम्मेलनको अवसरमा मंगलबार राजधानीमा आयोजना गरिएको 'युवा र एनआरएन अभियानमा दोस्रो पुस्ता' विषयक छलफल कार्यक्रममा सहभागीहरूले यस्तो धारणा राख्नुभएको हो। एनआरएनएका नवनिर्वाचित अध्यक्ष भवन भट्टले विदेशमा रहेका सक्षम तथा ज्ञान, सीप हासिल गरेका युवाको क्षमतालाई उपयोगमा ल्याउन आवश्यक पहल गरिने बताउनुभयो। "प्रवासी नेपाली युवाको सीप र प्रविधिमार्फत देश विकासमा योगदान दिन सकिन्छ," भट्टले भन्नुभयो।

एनआरएनका पूर्वअध्यक्ष उपेन्द्र महतोले युवाको क्षमतालाई सदुपयोग गर्न आवश्यक पहल गर्नुपर्ने बताउनुभयो। 'धेरैले युवा मुलुकको भविष्य भन्छन्,' महतले भन्नुभयो, 'युवा भविष्य नभई वर्तमान हो। उनीहरूको क्षमतालाई सिर्जनशील काममा लगाउनुपर्छ।' उहाँले युवालाई हरेक क्षेत्रको कामको नेतृत्व लिन पनि सुझाव दिनुभयो। 'युवाले आफैं नेतृत्व लिन सक्नुपर्छ,' उनले भने, 'क्षमतालाई उत्पानदशील क्षेत्रमा प्रयोग गर्नुपर्छ।'

कार्यक्रममा राष्ट्रिय युवा महासंघ नेपालका अध्यक्ष राजु सिंहले युवामा उद्यमशीलताको विकास गर्नुपर्ने बताउनुभयो। 'कुल जनसंख्याको ४२ प्रतिशत युवा छन्,' सिंहले भन्नुभयो, 'यो जनशक्तिलाई राज्यले उत्पादनशील क्षेत्रमा लगाउन सकेन।' युवालाई अध्ययनका लागि विदेश पठाए पनि स्वदेशमै फर्केर स्वरोजगारको वातावरण सिर्जना गर्नुपर्ने सिंहले बताउनुभयो। 'मुलुकभित्र नै रोजगार सिर्जना गर्नुपर्छ,' सिंहले भन्नुभयो, 'उद्यमशीलता विकास गर्न शैक्षिक प्रमाण पत्रका आधारमा बिनाधितो ऋण दिने व्यवस्था मिलाउनुपर्छ।' शैक्षिक प्रमाणपत्रको आधारमा कर्जा दिने सरकारको कार्यक्रम प्रभावहीन भएको उहाँका यो भनाइ थियो। 'युवाको क्षमतालाई उपयोग गर्नु राज्यको दायित्व हो,' सिंहले भन्नुभयो, 'विदेशमा सिकेको सीपलाई प्रयोग गर्ने वातावरण मिलाउनुपर्छ।'

कार्यक्रममा डा. राजु अधिकारीले युवाको क्षमतालाई विज्ञान, प्रविधि र खोजमा उपयोग गर्नुपर्ने बताउनुभयो। अधिकारीले युवा सशक्तीकरणमा पनि जोड दिँदै भन्नुभयो, 'युवा नेतृत्वमा नआउँदासम्म देशमा विकासले गति लिन सक्दैन।' सामाजिक अभियानमा एनआरएनए युवाले सक्रियता देखाउनु पर्ने क्लिन टेक्नोलोजिस्ट नविन अर्यालले बताउनुभयो। उपत्यकाको फोहोर व्यवस्थापनप्रति चिन्ता व्यक्त गर्दै एनआरएनए डेनमार्कका उपाध्यक्षसमेत रहेका अर्यालले भन्नुभयो, 'सामाजिक सुधारमा युवाले नेतृत्व गर्नुपर्छ।' एनआरए युवाको नेतृत्वमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गरिएको सरसफाइ प्रसंशनीय भएको बताउँदै प्रदूषणमुक्त नेपालको अभियान चलाउनुपर्ने उहाँले बताउनुभयो। 'काठमाडौंको फोहोरबाट बायोग्यास बनाउन सक्छौं,' अर्यालले भन्नुभयो, 'विदेशमा युवाले सिकेको सीपलाई प्रयोग गरेर नयाँ काममा लगाउन पहल चाहिन्छ।' सरकारले पनि ध्यान नदिएको क्षेत्रमा युवाले नमुना काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। 'मोडल परियोजना अघि बढाए अन्य क्षेत्रले पनि अनुशरण गर्न सक्छन्,' उहाँले भन्नुभयो, 'हामी विदेशमा सिकेको प्रविधिसहितको सीप हस्तान्त्रण गर्न तयार छौं।'

एनआरएनएका सल्लाहकार हेमराज शर्माले मुलुकमा विपत्तिको समयमा सामाजिक काममा सघाउँदै आएको स्मरण गर्दै दोस्रो पुस्तालाई पनि स्वदेशमा जोड्न पर्नेमा जोड दिनुभयो। 'हाम्रा सन्तानलाई पनि नेपालसँग जोड्नका लागि सामाजिक काममा अग्रसर बनाउनुपर्छ,' शर्माले भन्नुभयो, 'अवसर दिए काम गर्न सक्छन्।' विदेशमा काम गर्दा युवाको सिकाइलाई 'नलेज बैंक' बनाउनसमेत शर्माले सुझाव दिनुभएको थियो। शर्माले विश्वभर छरिएर आफ्नो पेसा, व्यवसायमा संलग्न युवालाई सामाजिक सञ्जालमा जोडेर छलफलको प्लेटफर्म बनाइ नयाँ योजना बनाएर कार्यान्वयन गर्न आग्रह गर्नुभयो। एनआरएनए युवा विभागका लोकराज शर्माले सीपलाई हस्तान्तण गर्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो। 'उद्यमशीलता वृद्धिलाई प्राथमिकतामा राख्नुपर्छ,' शर्माले भन्नुभयो, 'एनआरएनएमा नलेज बैंक बनाएर उपयोग गर्नुपर्छ।' उहाँले दोस्रो पुस्तालाई नेपाली भाषा र संस्कृतिसँग जोडन अभियान चलाउनु पर्ने बताउनुभएको थियो।

पब्लिक हेल्थका विज्ञ संजीव सापकोटाले मानवीय स्वास्थ्य सम्पत्ति भएकाले त्यसमा सचेत गराउनुपर्नेमा जोड दिनुभएको थियो। 'युवाहरू अल्कोहल, टोवाकोमा पनि अलमलिएका छन्,' सापकोटाले भन्नुभयो, 'यसले स्वास्थ्यमा असर पुग्ने भएकाले सचेत गराउन आवश्यक छ।' एनआरएनए युवा विभागकी डा. वर्षा मोक्तानले हरेक ठाउँमा युवाको सहभागिता सुनिश्चित हुनुपर्नेमा जोड दिनुभएको थियो।


# एनआरएनए नयाँ नेतृत्वले ग

### अधिकार र सहयोग दुवै
### गंगा प्रसाद शर्मा, बेल्जियम



नयाँ नेतृत्वले गर्नुपर्ने काम धेरै छन्। पुराना नेतृत्वले सुरु गरेको कामको निरन्तरता मात्र होइन, संस्थालाई नयाँ ढंगबाट अघि बढाउनुपर्छ। गोरखाको लाप्राकमा निमार्णाधीन एनआरएनए नमुना बस्ती, एनआरएनए भवन, नागरिकताको निरन्तरता, शंखमूलपार्क निर्माण लगायतका मुद्दा प्राथमिकतामा पर्नुपर्छ। गैरआवासीय नेपालीको हक अधिकारका लागि काम गर्नुपर्ने चुनौतीसँगै नयाँ नेतृत्वलाई अवसर पनि छ। अवसर र चुनौतीको सामना गर्न नयाँ निर्वाचित नेतृत्व सक्षम पनि छ। आर्थिक विकासका लागि नयाँ भिजन ल्याई नेपाल र नेपालीको हक हितमा लागिपर्न नयाँ नेतृत्व अग्रसर हुनुपर्छ।

### लगानीमा ध्यान दिनुपर्छ
### इन्दिरा त्रिपाठी, अमेरिका



नेपालमा लगानीका कुराहरू पटक-पटक भए पनि अपेक्षित लगानी भित्रिएको छैन। नयाँ नेतृत्वले नेपालमा शिक्षा, जलविद्युत्, पूर्वाधार, खुला विश्वविद्यालय आदिमा लगानी भित्र्याउनु आवश्यक छ। लगानी भित्र्याउने वातावरण सिर्जना गर्न नेपाल सरकारलाई लविङ गर्ने काममा पनि नयाँ नेतृत्वले प्राथमिकताका साथ काम गर्नुपर्छ। युवा पुस्तालाई एनआरएन अभियानसँग कसरी जोड्ने भन्नेमा पनि ध्यान दिनुपर्छ। त्यस्तै, युवालाई विदेश पलायनबाट रोक्न र नेपालमै प्रसस्त रोजगारीको सिर्जना गर्न सरकारसँग मिलेर काम गर्नुपर्छ।

### समृद्ध नेपाल बनाउने अभियानमा लाग्नुपर्छ
### कृष्णकुमार राई, बेलायत



नेपालको राजनीतिको संक्रमण र अस्थिरताबीच नयाँ नेतृत्व चयन भएको छ। देश विकासका लागि राजनीतिक स्थिरता आवश्यक छ। वातावरण जस्तोसुकै भए पनि, समृद्ध नेपाल बनाउने अभियानमा एनआरएनए लागिपरेको छ। नयाँ नेतृत्वले नेपालको पर्यटन क्षेत्रको विकासमा विशेष ध्यान दिनुपर्छ। सम्पूर्ण एनआरएनएहरूलाई एकतावद्ध बनाएर अघि बढ्न सके नेपाललाई समृद्ध बनाउन सकिन्छ। नेपालमा लगानीको वातावरण बनाउने नयाँ नेतृत्वको मुख्य चुनौती हो। यो चुनौतीलाई नयाँ नेतृत्वले सफलताका साथ अघि बढाउन सक्यो भने थुप्रै अवसरका ढोका खुल्न सक्छ। आफूलाई क्षमतावान नेतृत्वका रूपमा स्थापित गर्दै अघि बढ्नुपर्ने चुनौति पनि नयाँ नेतृत्वलाई छ।

### समस्या समाधानमा जोड दिनुपर्छ
### किस्मत भण्डारी, क्यानडा



विश्वभरि छरिएका नेपालीलाई परेका समस्या समाधानतर्फ नयाँ नेतृत्वले पहल गर्नुपर्छ। देश अनुसारका फरक-फरक समस्यालाई समाधान गर्ने कामलाई पहिलो प्राथमिकतामा राख्न आवश्यक छ। प्रवासी नेपालीहरूले विदेशमा कमाएको रकमलाई स्वदेशमा लगानी गर्ने वातावरण बनाउन नयाँ नेतृत्वले भूमिका खेल्नुपर्छ। लगानीबाट मात्रै देशमा आर्थिक विकास र रोजगारी सिर्जना हुन्छ। त्यसो भए मात्रै विस्तारै मुलुक आत्मनिर्भर र समृद्धितर्फ केन्द्रित हुन्छ। समृद्ध नेपाल निमार्ण अभियानमा नयाँ नेतृत्व केन्द्रित हुन जरुरी छ। पुराना नेतृत्वले सुरुवात गरेको कामलाई निरन्तरता दिँदै नयाँ भिजन र मिसनबाट अभियानलाई अघि लैजानुपर्छ।

# सबै नेपालीलाई उद्यमी बनाउने अठोट

आगामी १० वर्षभित्र नेपालका सबै नेपाली उद्यमी बन्ने र बनाइने सरोकारवालाले बताएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए) को ८ औं महाधिवेशनको अन्तिम दिन बिजनेस प्रमोसन फर दि स्पोन्सर्स सेसनमा बोल्दै सरोकारवालाले यस्तो बताएका हुन्।

महाधिवेशनको इभेन्ट पार्टनर इन्भेस्टमेन्ट, डेभलपमेन्ट, आन्ट्रप्रेनर्स, एक्टिभिटिज (आइडिया) का निर्देशक शिरोमणि दवाडीले आउँदो १० वर्षभित्र नेपालमा सबै उद्यमी बनिसक्ने दाबी गरे। उनले यसका लागि आइडियाले सबै नेपालीलाई उद्यमी बन्न सबै किसिमको सहयोग र साथ दिइने बताए। उनले आफ्नो कम्पनी विदेशमा रहेका २ हजार नेपाली मिलेर खोलिएको बताउँदै नेपालमा नै केही गर्न सकिन्छ भनेर लगानी गर्नको लागि पब्लिक कम्पनी खोलिएको बताए। हाल आइडियाले नेपालमा विकासका लागि जे-जेमा सम्भवना छ त्यही-त्यही लगानी गरेको बताए। उनले भने, "हामीले सबैभन्दा पहिला कृषि अनि त्यसपछि प्रविधिलाई प्राथमिकतामा राखेर लगानी गरेका छौं।' आइडियाले पर्यटन, हाइड्रो लगायतको क्षेत्रमा पनि लगानी गर्ने उनले बताए। यस्तै आइडियाका अधिकारीले नेपालमा आफ्नो कम्पनीले लागनी गरेर नेपालीलाई आत्मनिर्भरको बाटोतिर डोऱ्याएको बताए।

नेपालमा लागनी गरे पनि आइडियाले ४० देशमा व्यापार गरिरहेको उनले बताए। नेपालमा भने सुरुमा १ अर्बबाट लगानी गरिएको बताउँदै उनले बर्सेनि ५ देखि १० अर्ब रुपैयाँ लगानी बढाउँदै लैजाने योजना रहेको बताए। उनले आफ्नो कम्पनीले सबै लगानी नेपालमा गर्ने बताए। नेपालले धेरै वस्तुहरू आयत गर्ने गरेकाले अब नेपालीले आयत गर्ने होइन निर्यात गर्ने हो भनेर लगानी गर्न लागिएको बताए। उनले आफ्नो कम्पनीले भेजिटेबल्स र फ्रुटलाई मुख्य प्राथमिकतामा राखेको बताए। उनले भने, 'विश्वभर नै नेपालको पहिचान भनेको कृषि प्रधान देशको हो। त्यसैले हामीले पनि कृषिलाई प्राथमिकतामा राखेका छौं।' उनले स्याउ, कागती, श्रीखण्ड रोपिएको र यसको प्रतिफल आगामी १० वर्षभित्रै देखिने बताए।

यसैगरी आइडियाले आईपी टिभी, मोबाइल एप्स, अन स्काइ वाइफाई, डिजिटल साइनबोर्ड, होटललगायतको क्षेत्रमा लगानी गरिरहको बताए। उनले आफूहरू मात्रै लगानी गर्ने नभएर किसानहरूलाई पनि लगानीमा उत्साह दिने बताए। यसका लागि आफूले श्रीखण्डको बिरुवा दिएर नेपाललाई 'हेभेन अफ श्रीखण्ड' बनाउन लागेको बताए। उनले भने, 'हामीले आगामी १० वर्षभित्र ६५ जिल्लामा ३० लाख किसानलाई श्रीखण्ड रोप्न लगाउनेछौं, जसले गर्दा नेपालमा श्रीखण्डको व्यापक उत्पादन हुनेछ।' उनले चाँडै नै नेपालमा पाल्म आयल पनि उत्पादन गरने बताए। उनले भने, 'नेपालमा खाने तेल पनि निकै आयत गरिन्छ।

अब हामी यही लगानी गरेर यही उत्पादन गर्छौं।' यस्तै कार्यक्रममा अर्को इभेन्ट पार्टनर प्रभु बैंकका मणिराम पोखरेलले आफ्नो बैंकले अग्रणी र राम्रो स्थापित बैंक भएर सेवा दिइरहेको बताए। ५ अर्ब ८८ करोड रुपैयाँ चुक्ता रहेको बैंकले नेपालभरि ५० वटा जिल्लाबाट सेवा दिइरहेको उनले बताए। १६ सय कर्मचारीले नेपालभरि १ सय ४२ शाखाबाट सेवा दिइएको उक्त कार्यक्रममा जानकारी दिइयो। उनले भने, 'हामीले ५० जिल्लाको १ सय ४२ शाखाबाट लाखौं सन्तुष्ट सेवाग्राहीलाई सेवा दिइरहेका छौं।' प्रभुले बैंकमा मात्रै नभएर अन्य क्षेत्रमा पनि लगानी गरेको बताउँदै थपलियाले होटल, मनी ट्रान्सफर, हाइड्रो, रेस्टुरेन्ट, अटो, कृषि, फार्मिङ, कलेज, प्रविधिलगायतको क्षेत्रमा लगानी गरिहरेको बताए। उनले आफ्नो बैंक एनआरएनएको ८ औं महाधिवेशनको इभेन्ट पार्टनर हुन पाउँदा खुसी लागेको बताए। यसैगरी उनले 'विश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्ने नाराको साथ अघि बढेको प्रभुले नेपालमा मात्रै नभई विदेशका केही बैंकहरूसँगको सहकार्यमा सेवा दिइरहेको बताए। उनले भने, ' भारत, बहराइन, बेलायतलगायत दर्जन देशमा पनि हामीले सेवा दिइरहेका छौं जसले गर्दा विदेशमा बस्नु भएका नेपालीहरूलाई सहयोग मिलेको छ।' यस्तै कार्यक्रममा अन्य पार्टनरहरू मेलबर्न इन्स्टिच्युट अफ टेक्नोलोजी, सिटी होटल्स र भवन भट्टलाई समेत हार्दिक धन्यवाद दिइयो।

# नेपालमा विदेशी लगानी र डायस्पोराको भूमिका




नेपालमा राजनीतिक क्रान्ति सकिएसँगै आर्थिक समृद्धिमा मुलुक अघि बढेको बताउँदै त्यसका लागि वैदेशिक लगानीमैत्री कर्मचारीतन्त्र बनाउनुपर्नेमा सरोकारवालाले जोड दिनुभएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) को आठौं विश्व सम्मेलनको सन्दर्भमा आयोजित नेपालमा विदेशी लगानी र डायस्पोराको भूमिका विषयक अन्तरक्रियामा बोल्दै अधिकांश वक्ताहरूले नेपालको मात्रै पुँजीले आर्थिक विकास सम्भव नरहेको हुँदा विदेशमा छरिएर रहेका एनआरएनहरूको सीप, ज्ञान र पुँजी नेपाल भित्रचाउन सरकारले पहल गर्नुपर्ने बताउनुभएको हो।

नेपालले विशेषगरी कर्मचारीतन्त्रको ढिलासुस्ती र लगानी गरेको पैसा कुनै पनि समयमा फिर्ता लैजान सकिने स्पष्ट व्यवस्था गर्नुपर्नेमा उहाँहरूको जोड थियो।

गैरआवासीय नेपाली संघ आईसीसीका कोषाध्यक्ष हिक्मत थापाले सरकारले वैदेशिक लगानी भित्रचाउन लगानी मैत्री नीतिको घोषणा गरे पनि कर्मचारीहरूको ढिलासुस्ती र स-साना नीति नियममा अड्काएर लामो समयसम्म स्वीकृति नदिने परिपाटी विद्यमान रहेको बताउनुभयो। नाइजेरियाको डाङ्गटे ग्रुपको लगानीमा सिमेन्ट उत्पादन गर्न ५० बिघाभन्दा बढी जग्गा आवश्वक पर्ने र एउटै कम्पनीले सो परिणाममा किन्न नपाउने कानुन रहेको बताउँदै ठूला आयोजनाको लागि यस्ता ऐन संशोधन हुनुपर्ने उहाँको भनाइ थियो। यस्ता कानुन संशोधन हुँदा एकै कम्पनीले अर्बौं डलरको लगानी भित्रचाउन सकिने सम्भावना रहेको उहाँले बताउनुभयो।

साइप्रसका आईसीसी अध्यक्ष रन्जित महतले पनि कर्मचारीतन्त्रको ढिलासुस्ती अन्त गर्न सक्ने हो नेपालमा लगानी भित्रचाउन गाऱ्हो नहुने तर लगानी फिर्ता लैजाने सम्बन्धमा भारतमा जस्तै सम्बन्धितमा निकायमा कर चुक्ता प्रमाणपत्र भएपछि पुग्ने व्यवस्था गर्नुपर्नेमा बताउनुभयो। वैदेशिक लगानीको सम्बन्धमा कानुनको शरणमा जानुभन्दा पनि अन्तर्राष्ट्रिय कानुनअनुसार हुनुपर्ने उहाँको सुझाव थियो।

कार्यक्रममा उद्योग मन्त्रालयका सचिव शंकरप्रसाद कोइरालाले नेपालमा राजनीतिक संक्रमणको अन्त्य भएको दाबी गर्दै बढीभन्दा बढी वैदेशिक लगानी भित्रचाउने नीति अनुरूप औद्योगिक ऐन पारित गरिसकिएको र वैदेशिक लगानीसम्बन्धी नयाँ ऐनको ड्राफ्टमा पनि वैदेशिक लगानीलाई धेरै हदसम्म सरलीकरण गरिएको बताए। नेपालमा हालै भएको लगानी सम्मेलनले १३.५२ अर्ब डलरको लगानी गर्ने प्रतिबद्धता प्राप्त भएको बताउँदै उनले नयाँ संविधानले पनि वैदेशिक लगानीको सुरक्षाको ग्यारेन्टी गरेको, औद्योगिक ऐनमा उद्योगमा क्षेत्रमा बन्द हड्ताल गर्न प्रतिबन्ध लगाइएको, विशेष आर्थिक क्षेत्रमा ७५ प्रतिशतसम्म विदेश निर्यात हुने वस्तु उत्पादन गर्ने कम्पनीहरूलाई विशेष प्याकेजको व्यवस्था गरिएको बताए। नेपालमा ऊर्जाको समस्या हल हुँदै गएको, तुलनात्मक रूपमा सस्तो श्रम मूल्य तथा विदेशी मुद्रा बाहिर लैजाने सम्बन्धमा सरकारले लिएको उदार नीतिको कारण वैदेशिक लगानीका लागि नेपाल अझ आकर्षक भएको उनले बताए। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतले नेपालमा वैदेशिक लगानी लागि प्रशस्त सम्भावनाहरू रहेको बताए। नेपालको व्यापार घाटा अधिक हुनु मात्र केही समस्या रहेको जनाउँदै साढे १२ खर्बको बजेटमा ३.१८ खर्ब मात्र पुँजीगत खर्चको बजेट रहेको बताए। लगानी बोर्डले हाल सञ्चालन गरिएका ८ वटा आयोजनाको लागत नै २२ खर्बभन्दा बढिरहेको बताउँदै नेपालले विकासमा फड्को मार्न पूर्वाधार विकासमा धेरै नै लगानी गर्नुपर्ने आवश्यकता रहेको र त्यसका लागि वैदेशिक लगानी नभित्रिएसम्म सम्भव नहुने बताए। नेपालका निजी क्षेत्रले मात्र राष्ट्रको आवश्यकता परिपूर्ति गर्न सक्ने क्षमता नभएकामा उनले जोड दिँदै उनले ऊर्जा क्षेत्र, पर्यटन पूर्वाधारअन्तर्गत सडक, मेट्रो, एयरपोर्टमा ठूलो लगानीको सम्भावना रहेको बताए। त्यस्तै नेपालको कुल गार्हस्थ्य उत्पादनको ३२ प्रतिशत अंश कृषिमा आश्रित रहे पनि हालसम्म नेपालको कृषि परम्परागत प्रणालीमा आधारित रहेको र कृषिको आधुनिकीकरणमा पनि प्रशस्त सम्भावनाहरू रहेको जानकारी दिए। नेपालको विद्युत् उत्पादन क्षमता धेरै रहे पनि नेपालले हजार मेगावाट पनि उत्पादन गर्न नसकेको जानकारी दिँदै सन् २०३० सम्म नेपालको आन्तरिक खपत मात्रै ३ हजार मेगावाट पुग्ने बताए। ऊर्जा क्षेत्रमा आर्थिक रूपमा सक्षम आयोजना नै २२ हजार मेगावाटभन्दा बढीको रहेकाले त्यसमा पनि वैदेशिक लगानीकर्ताका लागि आकर्षक प्रतिफल प्राप्त गर्न सकिने बताए।

कार्यक्रममा उद्योगमन्त्री सुनिलबहादुर थापाले वैदेशिक लगानी भनेको रकमको लगानी मात्र नभएर विदेशमा बस्दा सिकेको सीप नेपालमा भित्रचाउनु पनि रहेको बताउँदै नेपालमा लिंकेजको मात्र अभाव रहेको उनले बताउनुभयो। राजनीतिक वातावरण एक्लै मात्र उद्योग व्यवसाय गर्न कहिले पनि अवरोधपूर्ण नहुने बताउँदै उनले जहाँ धेरै अवरोध त्यही धेरै नाफा कमाउन सकिने भनाइ रहेको बताउनुभयो। आगामी दिनमा नेपाल सरकारले वैदेशिक लगानीका लागि विशेष सेवा दिने बताउँदै एकै ठाउँबाट सबै सेवा दिने बताउनुभयो। कुनै समय धान निर्यात गर्ने राष्ट्रका रूपमा रहेको नेपाल हाल अर्बौं रुपैयाँको धान आयात गर्नेमा पुगेको बताउँदै यस क्षेत्रमा लगानी गर्दा तल्लो तहका जनता लाभान्वित भएर सामाजिक विकृतिसमेत रोकिनेमा उनले जोड दिए।

# र्नुपर्ने मुख्य काम के-के हुन् ?



**समृद्ध मुलुकका लागि काम गर्नुपर्छ**
**तेन्जिन युकाव, अमेरिका**

एनआरएनए निर्वाचनमा भएको भड्किलोपना र अनावश्यक खर्च घटाउनुपर्ने आवश्यकता देखिएको छ। यस्ता सम्मेलन, निर्वाचन कम खर्चमा पनि गर्न सकिन्छ। कसरी कम खर्चबाट निर्वाचन गर्न सकिन्छ भन्नेतर्फ नयाँ नेतृत्वले सोच्नुपर्छ। संस्थाभित्र राजनीतीकरण हावी हुँदै गएको आलोचना हुन थालेको सुनिन्छ, यदि त्यसो हो भने त्यसलाई कम गर्न नयाँ नेतृत्वले पहल गर्नुपर्छ। संस्थाभित्रको राजनीतीकरणका कारण कतिपय व्यावसायिक नेपालीहरू एनआरएन अभियानमा जोडिन हिच्किचाइरहेका छन्, कतिपय निरुत्साहित भएका छन्। एनआरएनए नेपाल र नेपालीप्रति काम गर्ने संस्था भएका कारण नेपाललाई समृद्ध बनाउनेतर्फ केन्द्रित हुनुपर्छ।



**नागरिकताको निरन्तरताका लागि पहल**
**लक्ष्यबहादुर गुरुङ, बेलायत**

पुराना कामको निरन्तरता नयाँ नेतृत्वको पनि प्राथमिकता बन्नुपर्छ। एनआरएनए भवन, गोरखाको लार्पाकमा निर्माणाधीन वस्तीको निर्माण सम्पन्न गर्दै नयाँ परियोजनामा पनि हात हाल्नुपर्छ। एनआरएनएले नेपाल र नेपाल बाहिर पनि नेपालीको हितका लागि काम गर्नुपर्छ। अभियानसँग नजोडिएका एवं दोस्रो र तेस्रो पुस्ताका नेपालीलाई एनआरएनएमा आबद्ध गराउने चुनौती रहेको छ। विदेशी नागरिकता लिए पनि वंशजका आधारमा पाएको नागरिकतालाई निरन्तरता दिन सकियो भने त्यसैका आधारमा नयाँ पुस्ताले नेपालको नागकिरता पाउने हुँदा यसका लागि नयाँ नेतृत्वले पहल गर्नुपर्छ। नेपालमा लगानी भित्रचाउनका लागि पनि नयाँ नेतृत्वको ध्यान जानुपर्छ।



**कामको निरन्तरता र पूर्णता नै प्रमुख काम हो**
**राजु मानन्धर, अस्ट्रेलिया**

नयाँ नेतृत्वले गर्नुपर्ने काम धेरै छन्। विगतका नेतृत्वले शुरुवात गरेको काम सम्पन्न गर्नुका साथै नयाँ काम पनि सुरु गर्नुपर्नेछ। एनआरएन अभियानका चुनौतीलाई सामना गर्दै अघि बढ्नुपर्ने आवश्यकता छ। संस्थाको आफ्नै भवन, गोरखाको लाप्राकमा निर्माणाधीन वस्तीलाई समयमैं सक्नुपर्छ। खेलकुदको विकास तथा मुलुकलाई आर्थिक समृद्धि बनाउनेतर्फ पनि नयाँ नेतृत्वको ध्यान जानुपर्छ। नेपालमा विदेशी लगानी भित्रचाउन नयाँ नेतृत्वले काम गर्नुपर्छ। नेपालमा लगानी गर्ने उपयुक्त वातावरण निर्माणका लागि नेपाल सरकारसँग सहकार्य गर्नुपर्छ।



**संस्थाभित्रको राजनीतीकरण बन्द गर्नुपर्छ**
**युवराज गुरुङ, बेल्जियम**

एनआरएनएका निर्माणाधीन नमुना परियोजना समयमै निर्माण सम्पन्न गर्नुपर्ने दायित्व नयाँ नेतृत्वसामु छ। यो चुनौती पनि हो। लार्पाक वस्ती निर्माण, एनआरएनएको भवन निमार्ण सम्पन्न गर्नुका साथै संस्थाको दिगो विकासमा पनि ध्यान दिनुपर्छ। नेपाल सरकार र अन्य साझेदार संस्थासँग भएका समझदारी एवं नीतिगत निर्णयको कार्यान्वयन पनि अर्को चुनौति हो। एनआरएनए बाहिरी रूपमा एकताबद्ध जस्तो देखिए पनि संस्थामा राजनीतीकरण हावी भएको छ। यसलाई यथाशीघ्र रोक्नुपर्छ। एनआरएनए संस्था राजनीति गर्ने थलोका रूपमा विकास गर्नुहुँदैन।

# NRNA Conference concludes with 14-point declaration

## New leadership sworn in

KATHMANDU: The 8th NRN Global Conference and NRNA International General Assembly concluded on Tuesday in Kathmandu, issuing a 14-point declaration primarily focusing on issues like investment, implementation of new constitutional provision of citizenship to NRNs and contribution on employment sector, among others.

Stating that the country is heading towards political stability following the election of local units and the preparation to hold central and provincial parliament polls, the NRNA urged its members to increase their individual and group investments in the motherland.

The NRNA also made an appeal to its all national coordination councils (NCCs) to pursue and implement the One NCC– One Investment – One Employment concept. The umbrella organization of the NRNs, in its declaration paper, stated that the Nepali Diaspora have significant roles to play in achieving three ambitious development targets of the country. "There has been consensus [in the conference] that the non-resident Nepali have very important role to play and contribution to make in achieving the sustainable development goals (SDGs), graduating the country to developing country from least developed country by 2022 and middle-income country by 2030 from low income country," the declaration paper read.

As the recently promulgated constitution has ensured the citizenship certificate to the NRNs, the NRNA has now sought the immediate implementation of such provision. "This conference urges the government to take the initiative in drafting the law to provide citizenship to the NRNs in line with the spirit of the constitution," it added.

The issue of foreign employment also got featured in the declaration of the NRNA. In the declaration, the NRNA expressed its commitment to work for the betterment and welfare of Nepali workers abroad.

**PM CALLS FOR INCREASING INVESTMENT**

Speaking at the closing session of the jamboree, Prime Minister Sher Bahadur Deuba urged NRNs to increase their investment in Nepal. Terming NRNs unofficial ambassadors of the country abroad, he said the investment climate of the country has been improving in recent time. Also speaking at the program, Chandra Dhakal, Vice President of the Federation of Nepalese Chamber of Commerce and Industry (FNCCI), urged the NRNs' to make Nepal a preferred destination for their investment.

Meanwhile, the newly elected president of NRNA, Bhaban Bhatta, along with other officials of the NRNA were administered the oath of office on Tuesday amid a presence of former NRNA presidents, officials and other dignitaries.

**SECOND GENERATION DIASPORA ROLE FOR NATION BUILDING UNDERSCORED**

Leaders of Nepali Diaspora have said that skill and know-how of youths acquired abroad should be utilized in the development of Nepal. They also said that the youths who reach abroad for study, employment and other businesses should be attracted in Nepal to utilize their capacity and resources for the development of the country. "Youths abroad can contribute in the development of Nepal by transferring their skills, technology and know-how to Nepal," said Bhaban Bhatta, the newly elected NRNA president, speaking at the interaction entitled 'Youth and Second Generation in NRN Movement'. Upendra Mahato, former NRNA president, also said that the second generation's capacity should be tapped for the country's development. "Many say youths are the future of the country. But I think, they are not only the future, but also the partner of present," said Mahato. "Youth should be innovative and they should take the leadership role," he added. Also speaking at the session, Raju Singh, the president of National Youth Federation of Nepal, underscored the need to engage youths on the production sector to create employment opportunities.

**READY FOR PARTNERSHIP FOR PROSPERITY: GOVT OFFICIALS**

Government officials have said that the government is always ready to work in partnership with the NRNA to attract knowledge, skills and capital of non-resident Nepali living in various countries around the world. Noting that the NRNs can play a vital role in the socio-economic development of Nepal, the government officials underlined the need of strengthening the partnership between the government and the NRNA. "The Diaspora play an instrumental role in the development of any country. There is a need to strengthen the cooperation and partnership of NRNs and the government in utilizing the capacity of Nepali Diaspora for the development of Nepal," said Shanker Das Bairagi, the Minstry of Foreign Affair's Secretary, speaking at an interaction with the officials of the government of Nepal.

**ECONOMIC OPPORTUNITIES FOR WOMEN SOUGHT**

Women leaders have expressed worries about the failure to end the gender discrimination and the lack of equal economic opportunities to Nepali women. Speaking at an interaction 'Women in Action: Nepal and Abroad" held during the NRNA Global Conference, they said that the inclusive and balanced development cannot be achieved until the discrimination against the women comes to an end. Renu Chand, a leader of UCPN (Maoist-Center), Indira Aryal, a section officer at the Ministry of Foreign Affairs and NRNA Women Forum's Patron Dr Indra Ban, among other panelists, also called for the economic empowerment of the women and make them a partner in the socio-economic development of the country.

**FDI MUST FOR DEVELOPMENT**

The capital and resources from within the country alone is not sufficient to spur the economic growth of the country and the NRNs can facilitate in bringing foreign direct investment to meet such resource gap, speakers of a panel discussion entitled 'Foreign Direct Investment to Nepal and Role of Diaspora' said. However, red-tapping and bureaucratic hassles in Nepal have been discouraging the inflow of investments, they said. Hikmat Thapa, Treasurer of the NRNA, said that the red-tapism has been crimping the foreign investment in the country. Echoing the concern of Thapa, Ranjeet Mahato, NRNA ICC Member, said that hassles from bureaucrats have been affecting the investment. Shankar Prasad Koirala, the Ministry of Industry's Secretary, said that the recent passage of various investment-related laws have helped to create business-friendly conducive environment in the country.

## समृद्धिका लागि...

गरी हेर्ने तथा संस्थागत रिफर्मको कुरा अघि बढाउनुपर्छ,” घलेले भन्नुभयो । एनआरएनएले उठाउँदै आएको खुल्ला विश्वविद्यालय, नागरिकताको निरन्तरता जस्ता मुद्दा पूरा हुनु सकारात्मक भएको भन्दै घलेले सरकारले संस्थागत स्वरूपमा प्रवासी नेपालीलाई हेर्ने धारणा अझ फराकिलो पार्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रवासी नेपालीका लागि एनआरएन ऐन संशोधनमार्फत छुट्टै सरकारी संस्थागत संरचना वा विभाग बनाउनुपर्ने धारणा राख्नुभयो ।

जवाफमा परराष्ट्र सचिव बैरागीले मन्त्रालय आफैंले पनि शाखामार्फत काम गरिरहेको र राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा बोर्ड पनि कायम रहेकाले विद्यमान संरचनालाई नै प्रभावकारी बनाएर काम गर्न सकिने बताउनुभयो । कार्यक्रममा नेपाल सरकारका अन्य उच्च अधिकारीहरूले नेपालमा लगानीको अथाह सम्भावना भएको र लगानीको वातावरण पनि बन्दै गएकाले एनआरएनहरूलाई लगानी गरेर देशको समृद्धिको यात्रामा साझेदारी गर्न आग्रह गर्नुभएको थियो । एनआरएनहरूलाई लगानीका लागि दोहोरो सुविधा प्राप्त हुने भएकोले झनै सहज भएको उहाँहरूको भनाइ थियो। एनआरएनएका निवर्तमान अध्यक्ष घलेले हालसम्म हक अधिकार, सुरक्षा र संरक्षणकै कुरा भएपनि अब संस्थागत रूपमै नेपालको आर्थिक सामाजिक रूपान्तरणमा संघ लागिपर्ने बताउनुभयो । ‘अबको दशकमा संघले के गर्छ भन्ने स्पष्ट खाका सार्वजनिक गरेका छौं,’ उहाँले भन्नुभयो, ‘अब संघले छुट्टै नीतिगत संस्थामार्फत समाजसेवादेखि विकासका काममा सहयोग गर्छ ।”

# गैरआवासीय नेपाली संघको आठौं विश्व सम्मेलन एवं महाधिवेशनका झलकहरु



















Design & Print: Creative Press Pvt. Ltd., Kathmandu, Nepal, Email: creativeever.press@gmail.com

सम्पादन/प्रकाशन : नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा सम्पादित गैरआवासीय नेपाली विश्व सम्मेलनका अवसरमा प्रकाशित बुलेटिन